# गोरखापत्र संस्थान

केन्द्रीय कार्यालय, धर्मपथ काठमाडौ ।

## पुराना सामानहरू लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/१०/२६)

**सूचना नं ५/०७८/०७९**

यस संस्थानमा रहेका तपसिल बमोजिमका कम्प्युटर र कम्प्युटरसँग सम्बन्धित विद्युतीय उपकरणहरू तथा खप्ने सामानहरू, पुराना फर्निचर सम्बन्धी सामानहरू र मेसिनरी सामानहरू जे–जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा उक्त सामानहरू खरिद गरी लैजान चाहनुहुने व्यक्ति वा संघ/संस्थाले के–कति दररेटमा उक्त सामान खरिद गर्न सकिन्छ प्रष्ट खुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन अर्थात २०७८।११।११ गतेभित्र रीतपूर्वक सिलबन्दी बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित सामानहरू हेर्न चाहनुहुने महानुभावहरूले कार्यालय समयभित्र संस्थानको भण्डार शाखामा सम्पर्क राख्नहुन अनुरोध गरिन्छ ।

### तपसिल

**(क) कम्प्युटर तथा सम्बन्धित सामान एवम् खप्ने सामानहरू**

| क्र.सं. | सम्पत्तिको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | कम्प्युटर | २९ | उल्लेखित सि.नं. १ को सामानहरूको जम्मा मूल्य रू. ५८००।- (भ्याट बाहेक) |
| २. | डट प्रिन्टर | ४ | उल्लेखित सि.नं. २ देखि २२ सम्मको सामानहरूको जम्मा मूल्य रू. १६,५६०।- (भ्याट बाहेक) |
| ३. | A3 प्रिन्टर | ३ | |
| ४. | लेजर प्रिन्ट | ३ | |
| ५. | स्क्यानर | १ | |
| ६. | यू.पि.एस | ३६ | |
| ७. | फ्याक्स मेशिन | ४ | |
| ८. | ए.सि. | १ | |
| ९. | स्ट्यान फ्यान | ५ | |
| १०. | वाल फ्यान | ५ | |
| ११. | भ्याकुम क्लिनर | ४ | |
| १२. | भोल्टेज स्टेप्लाइजर | ४ | |
| १३. | गाडीको ब्याट्री | १४ | |
| १४. | इन्भटर ब्याट्री | ३ | |
| १५. | सर्भिसिङ्ग मेशिन | १ | |
| १६. | TV | २ | |
| १७. | फ्यान हिटर | ४ | |
| १८. | प्रिन्टर क्यालकुलेटर | १ | |
| १९. | क्यालकुलेटर | १७ | |
| २०. | टेलिफोन सेट | ५० | |
| २१. | इलेक्ट्रिक हटपट | ९ | |
| २२. | इलेक्ट्रिक किट्ली | २४ | |

**(ख) फर्निचर सम्बन्धी सामानहरू**

| क्र.सं. | सम्पत्तिको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | स्टिल टेबुल | १ | उल्लेखित सि.नं. १ देखि ६ सम्मको सामानहरूको जम्मा मूल्य रू.१९,१००।- (भ्याट बाहेक) |
| २. | घुम्ने मेच | २२ | |
| ३. | काठको मेच | ९ | |
| ४. | स्टिल दराज | २ | |
| ५. | फाइलिङ्ग क्याबिनेट | १ | |
| ६. | फ्याक्स मेसिन बक्स | ३ | |

**(ग) मेशिनरी सामानहरू**

| क्र.सं. | सम्पत्तिको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | स्पाईरल बाइन्डिङ मेसिन | १ | उल्लेखित सि.नं. १ देखि ३ सम्मको सामानहरूको जम्मा मूल्य रू.१०,२००।- (भ्याट बाहेक) |
| २. | प्रिन्टिङ डाउन मेसिन | १ | |
| ३. | स्टिचिङ मेसिन | १ | |

**सिलबन्दी बोलपत्रका सर्तहरू :**

१. सिलबन्दी बोलपत्र फाराम रू.३००।- तिरी संस्थानको सामान्य प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ र उक्त फराम भरी पेस गरेको सिलबन्दी बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

२. बोलपत्र दाताले संस्थाको हकमा भ्याट, प्यानको दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा आ.व. ०७७।७८ सम्मको कर नवीकरणको प्रतिलिपिमा आफैं प्रमाणित गरी र व्यक्तिको हकमा नेपाली नागरिकता वा आफ्नो परिचय खुल्ने कागजातको प्रमाणपत्रको आफैँले प्रमाणित गरेको प्रतिलिपिसहित सिलबन्दी बोलपत्र फाराम सहीछाप गरी लाहाछाप लगाइ पेस गर्नुपर्नेछ ।

३. सिलबन्दी बोलपत्र दिंदा सिलबन्दी खाम बाहिर पुराना सामानहरू लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र भन्ने प्रष्ट उल्लेख गर्नुपर्नेछ साथै श्रीमान् कार्यकारी अध्यक्षज्यू गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ नामले सम्बोधन गर्नुपर्नेछ ।

४. सिलबन्दी दरभाउपत्रदाताले रू. ५,२००।- (पाँच हजार दुई सय रूपैँया मात्र) रकम धरौटी बापत संस्थानको ने.बैं.लि. काठमाडौं अफिसस्थित चल्ती खाता नं. ००२००१००५०२४२५००००० मा नगद जम्मा गरी सोको बैंक भौचर वा मान्यता प्राप्त क श्रेणीको वाणिज्य बैकबाट सो रकम बराबरको कम्तिमा १२० दिनको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न गरी सिलबन्दी बोलपत्र पेस गर्नुपर्नेछ ।

५. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिन अर्थात् २०७८।११।११ गते दिनको १२:०० बजेभित्र सिलबन्दी बोलपत्र संस्थानमा दर्ता भई सक्नुपर्नेछ । रीत नपुगेका, सर्तहरू राखिएका, तथा म्याद नाघी आएका बोलपत्र उपर कुनै कारबाही गरिनेछैन ।

६. सिलबन्दी बोलपत्रमा उल्लेख गरेको दररेट अङ्क र अक्षर दुबैमा स्पष्ट हुनेगरी लेखिएको हुनुपर्नेछ , फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. प्राप्त भएका सिलबन्दी बोलपत्रहरू अन्तिम दिनको २:०० बजे संस्थान भवनमा खोलिने छ यदि उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट प्रस्तावक वा निजको प्रतिनिधिहरूको उपस्थिति वा अनुपस्थितिमा पनि खोलिनेछ ।

८. माथि जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावकलाई कुनै कारण जनाउ नदिइकन पनि प्रस्ताव आंशिक वा पुरै मात्रामा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थानमा सुरक्षित रहनेछ ।

९. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र संस्थानमा उपस्थित भई कबोल गरेको मूल्यको रकम बुझाई सामान उठाई नलगेमा संस्थानले धरौटी जफत गरी वैकल्पिक व्यवस्था गर्नेछ ।

१०. यसमा नपरेका अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार हुनेछन् ।

**सामान्य प्रशासन शाखा**

**गोरखापत्र संस्थान**

फोन न. ४२२३०७८, ४२२६४६५